**“ मीठे बच्चे– बेहदको बाबालाई याद गर्नु– यो हो गुप्त कुरा , याददवारा याद मिल्छ। जसले याद गर्दैनन् उनीहरूलाई बाबाले पनि कसरी याद गर्ने!”**

**प्रश्नः–** संगममा तिमी बच्चाहरूले कुनचाहिँ पढाइ पढ्छौ, जुन सारा कल्प पढाइदैन?

**उत्तरः–** जीवन छँदै शरीरबाट अलग अर्थात् मुर्दा हुने पढाइ अहिले पढ्छौ किनकि तिमीलाई कर्मातीत बन्नु छ। बाँकी जबसम्म शरीरमा रहन्छौ, कर्म त गर्नु नै छ। मन पनि अमन तब हुन्छ, जब शरीर हुँदैन। त्यसैले मन जिते जगतजित होइन, माया जिते जगतजित।

**ओम् शान्ति।** बाबा बसेर बच्चाहरूलाई सम्झाउनु हुन्छ। किनकि यो त बच्चाहरूले सम्झन्छन्– बेसमझलाई नै पढाइन्छ। अहिले बेहदका बाबा सर्वोच्च भगवान आउनु हुन्छ अनि कसलाई पढाउनु हुन्छ? अवश्य जो बिलकुल बेसमझ छन्। त्यसैले नै भनिएको छ– विनाश काले विपरीत बुद्धि। विपरीत बुद्धि कसरी भएका छन्? ८४ लाख योनिहरू लेखिएको छ नि! त्यसैले बाबालाई पनि ८४ लाख जन्ममा लिएर आएका छन्। भनिदिन्छन्– परमात्मा कुकुर, बिरालो, जीव जन्तु सबैमा हुनुहुन्छ। बच्चाहरूलाई सम्झाइन्छ– यो त सेकेन्ड नम्बर प्वाइन्ट दिनु जस्तै हो। बाबाले सम्झाउनु भएको छ जब कुनै नयाँ आउँछन् भने सबैभन्दा पहिला उनीहरूलाई हद र बेहदको बाबाको परिचय दिनुपर्छ। उहाँ बेहदको बडा बाबा र यी हदका साना बाबा। बेहदको बाबा अर्थात् बेहदका आत्माहरूका बाबा। ती हदको पिता जीव आत्माको बाबा भए। उहाँ हुनुहुन्छ सबै आत्माहरूका बाबा। यो ज्ञान पनि सबैले एकरस धारणा गर्न सक्दैनन्। कसैले १ प्रतिशत धारणा गर्छन् भने कसैले ९५ प्रतिशत धारणा गर्छन्। यो त बुझ्नुपर्ने कुरा हो। सूर्यवंशी घराना हुन्छ नि! राजा-रानी तथा प्रजा। यो बुद्धिमा आउँछ नि। प्रजामा सबै प्रकारका मनुष्य हुन्छन्। प्रजा अर्थात् प्रजा। बाबा सम्झाउनु हुन्छ– यो पढाइ हो। आफ्नो बुद्धि अनुसार हरेकले पढ्छ। हरेकलाई आ-आफ्नो पार्ट मिलेको छ। जसले कल्प पहिला जति पढाइ धारणा गरेको छ, त्यति अहिले पनि धारणा गर्छ। पढाइ कहिल्यै छिपिरहन सक्दैन। पढाइ अनुसार नै पद मिल्छ। बाबाले सम्झाउनु भएको छ– पछि गएर परीक्षा त हुन्छ नै। परीक्षा विना त ट्रान्सफर हुन सकिँदैन। अन्त्यमा सबै थाहा हुन्छ। अहिले पनि बुझ्न सक्छन्– म कुन पदको लायक छु? लाजको कारण सबैको साथ-साथै हात उठाइदिन्छन्। दिलमा सम्झन्छन् पनि– हामी कसरी यस्तो बन्न सक्छौं। फेरि पनि हात उठाइदिन्छन्। जानेर पनि हात उठाउनु– यसलाई पनि अज्ञान भनिन्छ। कति अज्ञानता छ, बाबाले त झट्ट बुझ्नुहुन्छ। यो भन्दा त ती विद्यार्थीहरूमा अक्कल हुन्छ। उनीहरूले सम्झन्छन्– हामी छात्रवृत्ति लिनको लागि लायक छैनौं, पास हुँदैनौं। यिनीहरू भन्दा त ती अज्ञानी ठीक छन्, जसले सम्झन्छन्– शिक्षकले जुन पढाउनु हुन्छ त्यसमा हामीले कति अंक ल्याउँछौं! यस्तो कहाँ भन्छन् र– हामी पास विद अनर हुन्छौं। त्यसैले सिद्ध हुन्छ, यहाँ यति पनि बुद्धि छैन। देह अभिमान धेरै छ। जब तिमी आएका छौ– यस्तो लक्ष्मी-नारायण बन्न भने चालचलन धेरै राम्रो चाहिन्छ। बाबा भन्नुहुन्छ– कोही त विनाश काले विपरीत बुद्धि छन् किनकि काइदा पूर्वक बाबासँग प्रीत छैन, तब के हाल होला! उच्च पद पाउन सक्दैनन्।

बाबा बसेर तिमी बच्चाहरूलाई सम्झाउनु हुन्छ– विनाश काले विपरीत बुद्धिको अर्थ के हो– बच्चाहरूले नै पूरा बुझ्दैनन् भने फेरि अरूले के बुझ्छन्! जो बच्चाहरूले सम्झन्छन्– हामी

शिवबाबाका बच्चा हौं, उनीहरूले नै पूरा अर्थलाई बुझ्दैनन्। बाबालाई याद गर्नु– यो त छ गुप्त कुरा। पढाइ त गुप्त छैन नि। पढाइमा नम्बरवार छन्। सबैले उस्तै कहाँ पढ्छन् र। बाबाले त सम्झनुहुन्छ– यी अहिले बच्चै छन्। यस्ता बेहदका बाबालाई तीन-तीन, चार-चार महिना याद पनि गर्दैनन्। थाहा कसरी हुन्छ याद गर्छन् भनेर? जब उनीहरूको चिठी आउँछ। फेरि त्यस चिठीमा सेवा समाचार पनि होस्– यो-यो रूहानी सेवा गर्छु। सबुत चाहिन्छ नि। यसो त जो देह-अभिमानी हुन्छन्, उनले न त कहिल्यै याद गर्छन्, न सेवाको सबुत देखाउँछन्। कोहीले त समाचार लेख्छन्– बाबा फलाना-फलाना आए, उनीहरूलाई यो सम्झाएँ, तब बाबा पनि सम्झनुहुन्छ– बच्चा जीवितै छ। सेवा समाचार ठीक दिन्छ। कोहीले त ३-४ महिना पत्र लेख्दैनन्। कुनै समाचार आएन भने सम्झिइन्छ– मर्यो वा बिरामी भयो! बिरामी मनुष्यले लेख्न सक्दैन। यो पनि कसैले लेख्छन्– मेरो स्वास्थ्य ठीक थिएन त्यसैले पत्र लेखिनँ। कसैले त समाचार नै दिँदैनन्, न बिरामी हुन्छन्। देह-अभिमान छ। फेरि बाबाले पनि याद कसलाई गर्ने! यादबाट याद मिल्छ, तर देह अभिमान छ। बाबा आएर सम्झाउनु हुन्छ– मलाई सर्वव्यापी भनेर ८४ लाख भन्दा पनि धेरै योनिहरूमा लिएर जान्छन्। मनुष्यलाई भनिन्छ– पत्थरबुद्धि छन्। भगवानको लागि त फेरि भनिदिन्छन्– पत्थरभित्र विराजमान हुनुहुन्छ। त्यसैले यो बेहदको गाली भयो नि! त्यसैले बाबा भन्नुहुन्छ– मेरो कति ग्लानि गर्छन्। अहिले तिमीले त नम्बरवार बुझेका छौ। भक्तिमार्गमा गाउँछन् पनि– हजुर आउनु भयो भने समर्पण हुन्छु। हजुरलाई नै वारिस बनाउँछु। यस्तो वारिस बनाउँछन् जसले भन्छन्– ढुंगा-पत्थरमा हुनुहुन्छ! कति ग्लानि गर्छन्, त्यसैले बाबा भन्नुहुन्छ– यदा यदा हि... अहिले तिमी बच्चाहरूले बाबालाई चिनेका छौ त्यसैले बाबाको कति महिमा गर्छौ। कोहीले महिमा त के, कहिल्यै याद गरेर दुइटा शब्द पनि लेख्दैनन्। देह-अभिमानी बन्छन्। तिमी बच्चाहरूलाई थाहा छ– हामीले बाबा पाएका छौं, हाम्रो बाबाले हामीलाई पढाउनु हुन्छ। भगवानुवाच हो नि! म तिमीलाई राजयोग सिकाउँछु। विश्वको राजाई कसरी मिल्छ, त्यसको लागि राजयोग सिकाउँछु। हामीले विश्वको बादशाही लिनको लागि बेहदका बाबासँग पढ्छौं– यो नशा भयो भने अपार खुसी हुन्छ। पढ्न त गीता पनि पढ्छन् तर साधारण किताब पढेजस्तै पढ्छन्। कृष्ण भगवानुवाच– राजयोग सिकाउँछु, पुग्यो। त्यति बुद्धिको योग वा खुसी हुँदैन। गीता पढ्ने वा सुनाउनेहरूसँग यति खुसी हुँदैन। गीता पढेर पूरा गर्यो अनि गयो धन्दामा। तिमीलाई त अहिले बुद्धिमा छ– बेहदका बाबाले हामीलाई पढाउनु हुन्छ। अरू कसैको बुद्धिमा यो आउँदैन– हामीलाई भगवानले पढाउनु हुन्छ। त्यसैले सबैभन्दा पहिला जो आए पनि उनीहरूलाई दुई बाबाको सिद्धान्त सम्झाउनु छ। भन– विश्व स्वर्ग थियो, अहिले नर्क बनेको छ। यस्तो त कसैले भन्न सक्दैन– हामी सत्ययुगमा थियौं, कलियुगमा पनि छौं। कसैलाई दुःख मिल्यो भने ऊ नर्कमा छ, कसैलाई सुख मिल्यो ऊ स्वर्गमा छ। यस्तो धेरैले भन्छन्– दुःखी मनुष्य नर्कमा छन्, हामी त धेरै सुखमा बसेका छौं, महल आदि सबै कुरा छन्। बाहिर धेरै सुख देख्छन् नि। यो पनि तिमीले अहिले जानेका छौ– सत्ययुगी सुख त यहाँ हुन सक्दैन। यस्तो पनि होइन, गोल्डन एजलाई आइरन एज भन अथवा आइरन एजलाई गोल्डन एज भन, एउटै कुरा हो। यस्तो सम्झनेहरूलाई पनि अज्ञानी भनिन्छ। त्यसैले सबैभन्दा पहिला बाबाको सिद्धान्त बताउनु छ। बाबाले नै आफ्नो पहिचान दिनुहुन्छ। अरू त कसैले जान्दैन। भनिदिन्छन्– परमात्मा सर्वव्यापी हुनुहुन्छ। अहिले तिमीले चित्रमा देखाउँछौ– आत्मा र परमात्माको रूप त एउटै छ। उहाँ पनि आत्मा हुनुहुन्छ तर उहाँलाई परम आत्मा भनिन्छ। बाबा बसेर सम्झाउनु हुन्छ– म कसरी आउँछु! सबै आत्माहरू त्यहाँ परमधाममा रहन्छन्। यी कुरा अरूले त केही बुझ्न सक्दैनन्। भाषा पनि धेरै सजिलो छ। गीतामा श्रीकृष्णको नाम राखिदिएका छन्। वास्तवमा कृष्णले त गीता सुनाउँदैनन्। उनले त सबैलाई भन्न सक्दैनन्– मलाई याद गर। देहधारीको यादले त पाप काटिँदैन। कृष्ण भगवानुवाच– देहका सबै सम्बन्धलाई त्यागेर मलाई याद गर तर देहको सम्बन्ध त कृष्णको पनि

छ र फेरि उनी त सानो बच्चा हुन् नि। यो पनि कति ठूलो भूल हो। कति फरक पर्छ एउटा भूलको कारण। परमात्मा त सर्वव्यापी हुन सक्नुहुन्न। जसको लागि भन्छन्– सर्वका सद्गति दाता हुनुहुन्छ, फेरि के उहाँलाई पनि दुर्गति मिल्छ! परमात्माले कहिल्यै दुर्गति प्राप्त गर्नुहुन्छ र? यी सबै विचार सागर मन्थन गर्ने कुरा हुन्। समय खेर फाल्ने कुरा होइन। मनुष्यले त भनिदिन्छन्– हामीलाई फुर्सद छैन। तिमीले सम्झाउँछौ आएर कोर्स लिनुहोस् तब भन्छन्– फुर्सद छैन। दुई दिन आउँछन् फेरि चार दिन आउँदैनन्...। पढ्दैनन् भने त यी लक्ष्मी-नारायणजस्ता कसरी बन्न सक्छन्? मायाको कति फोर्स छ। बाबाले सम्झाउनु हुन्छ– जुन सेकेन्ड, जुन मिनेट पास हुन्छ त्यो हुबहु दोहोरिन्छ। अनगिन्ती पटक दोहोरिइरहन्छ। अहिले त बाबाद्वारा सुनिरहेका छौं। बाबा त जन्म-मरणमा आउनुहुन्न। तुलना गरिन्छ– पूरा जन्म-मरणमा को आउँछ र को आउँदैन? केवल एउटै बाबा हुनुहुन्छ जो जन्म-मरणमा आउनुहुन्न। बाँकी त सबै आउँछन् त्यसैले चित्र पनि देखाइएको छ। ब्रह्मा र विष्णु दुवै जन्म-मरणमा आउँछन्। ब्रह्मा नै विष्णु, विष्णु नै ब्रह्मा पार्टमा आइरहन्छन्। अन्त्य हुन सक्दैन। यो चित्र सबैले आएर हेर्नेछन् र बुझ्नेछन्। धेरै सहज समझको कुरा छ। बुद्धिमा आउनु पर्छ– हामी नै ब्राह्मण हौं फेरि हामी नै क्षत्रिय, वैश्य, शूद्र बन्छौं। फेरि बाबा आउनु हुन्छ अनि हामी नै ब्राह्मण बन्छौं। यो याद गर्यौ भने फनि स्वदर्शन चक्रधारी ठहरिन्छौ। धेरै छन् जसलाई याद रहँदैन। तिमी ब्राह्मण नै स्वदर्शन चक्रधारी बन्छौ। देवताहरू बन्दैनन्। यो ज्ञानको चक्र कसरी फिर्छ, यस ज्ञानलाई पाउनाले उनीहरू यस्ता देवता बनेका हुन्। वास्तवमा कोही पनि मनुष्य स्वदर्शन चक्रधारी कहलाउन लायक छैन। मनुष्यको सृष्टि मृत्युलोक नै अलग छ। जसरी हिन्दुहरूको रीतिरिवाज अलग छ, सबैको अलग-अलग हुन्छ। देवताहरूको रीतिरिवाज अलग छ। मृत्युलोकका मनुष्यहरूको रीतिरिवाज अलग। रात-दिनको फरक छ त्यसैले सबैले भन्छन्– हामी पतित छौं। हे भगवान, हामी सबै पतित दुनियाँका निवासीहरूलाई पावन बनाउनुहोस्। तिम्रो बुद्धिमा छ– पावन दुनियाँ आज भन्दा ५ हजार वर्ष पहिला थियो, जसलाई सत्ययुग भनिन्छ। त्रेतालाई भनिदैन। बाबाले सम्झाउनु भएको छ– त्यो हो फस्ट क्लास, यो हो सेकेन्ड क्लास। एक-एक कुरा राम्रोसँग धारणा गर्नुपर्छ। कोही आए भने सुनेर आश्चर्य होस्। कसैले त आश्चर्य मान्छन्। तर उनीहरूलाई फुर्सद हुँदैन, जसले पुरुषार्थ गरुन्। फेरि सुन्छन्, पवित्र अवश्य रहनु छ। यो काम विकार नै हो, जसले मनुष्यलाई पतित बनाउँछ। यसलाई जितेपछि नै तिमी जगतजित बन्छौ। बाबाले भन्नु पनि भएको छ– काम विकारलाई जितेर जगतजित बन। मनुष्यले फेरि भनिदिन्छन्– मन जिते जगतजित बन, मनलाई वशमा गर। अब मन अमन त तब बन्छ, जब शरीर हुँदैन। बाँकी मन अमन त कहिल्यै हुँदैन। देह मिल्छ नै कर्म गर्नको लागि, फेरि कर्मातीत अवस्थामा कसरी रहने? कर्मातीत अवस्था भनिन्छ मुर्दालाई। जीवन छँदै मुर्दा, शरीरबाट अलग। तिमीलाई पनि शरीरबाट अलग बन्ने पढाइ पढाउँछु। शरीरबाट आत्मा अलग छ। आत्मा परम धाममा रहने वाला हो। आत्मा शरीरमा आउँछ तब उसलाई मनुष्य भनिन्छ। शरीर मिल्छ नै कर्म गर्नको लागि। एउटा शरीर छुट्छ फेरि गएर आत्माले अर्को शरीर लिनु पर्छ, कर्म गर्नको लागि। शान्त त तब हुन्छ जब कर्म गर्नु पर्दैन। मूलवतनमा कर्म हुँदैन। सृष्टिको चक्र यहाँ चल्छ। बाबालाई र सृष्टि चक्रलाई जान्नु छ, यसलाई ज्ञान भनिन्छ। यी आँखा जबसम्म पतित विकारी छन्, तबसम्म यी आँखाद्वारा पवित्र चीज देख्न सकिँदैन। त्यसैले ज्ञानको तेस्रो नेत्र चाहिन्छ। जब तिमीले कर्मातीत अवस्थालाई प्राप्त गर्छौ अर्थात् देवता बन्छौ फेरि त यी आँखाले देवताहरूलाई देखिरहन्छौ। बाँकी यस शरीरमा यी आँखाले कृष्णलाई देख्न सकिँदैन। बाँकी साक्षात्कार भयो भने पनि त्यसबाट के मिल्छ र। अल्पकालको लागि खुसी हुन्छ, कामना पूरा हुन्छ। ड्रामामा साक्षात्कार हुने पनि निश्चित छ, यसबाट प्राप्ति केही हुँदैन। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी

बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) शरीरबाट अलग आत्मा हुँ, जीवन छँदै यस शरीरमा रहेर पनि मुर्दा समान– यस स्थितिको अभ्यासद्वारा कर्मातीत अवस्था बनाउनु छ।

२) सेवाको सबुत दिनु छ। देह-भानलाई छोडेर आफ्नो सच्चा सच्चा समाचार दिनु छ। सम्मान सहित पास हुने पुरुषार्थ गर्नु छ।

**वरदानः–** **सबै खाता र सम्बन्ध एक बाबासँग राख्ने , डबल लाइट फरिश्ता भव**

डबल लाइट फरिश्ता बन्नको लागि देहको भानबाट पर होऊ किनकि देहभान माटो हो। यदि यसको पनि बोझ छ भने भारीपन हुन्छ। फरिश्ता अर्थात् आफ्नो देहसँग पनि सम्बन्ध छैन। बाबाले दिएको तन पनि बाबालाई दियौ। आफ्नो वस्तु अर्कालाई दियौ भने आफ्नो सम्बन्ध खतम भयो। सबै हिसाब-किताब, सबै लेन-देन बाबासँग। बाँकी सबै पुरानो खाता र सम्बन्ध खतम– यस्ता सम्पूर्ण भिखारी नै डबल लाइट फरिश्ता हुन्।

**स्लोगनः–** आफ्ना विशेषताहरूलाई प्रयोगमा ल्यायौ भने हर कदममा प्रगतिको अनुभव गर्नेछौ।